☎: ०७१-५ ६०२३०
फ्याक्स ०७१-५६२६५२

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

प.सं. ०७५/०७६ ( शिक्षा )
च.नं. ५०६१

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम रुपन्देही नेपाल

मिति : २०७६/०३/२३

श्री वडा कार्यालय सबै
तिलोत्तमा नगरपालिका, रुपन्देही ।

**विषय : कक्षा ११ को छात्रवृत्ति व्यवस्थापन सम्बन्धमा ।**

प्रस्तुत विषयमा तिलोत्तमा नगरपालिका अन्तरगत सञ्चालित संस्थागत विद्यालयहरुमा छात्रवृत्ति व्यवस्थापन गर्ने प्रयोजनका लागि **संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०७४** मा भएको व्यवस्था कार्यान्वयन गर्न विद्यालयले तपशिल बमोजिम गर्ने गरी तिलोत्तमा नगरपालिकाको छात्रवृत्ति व्यवस्थापन समितिको मिति २०७६।०३।२३ गतेको निर्णयानुसार सबै संस्थागत विद्यालयमा पत्राचार गरिएको तथा विद्यालयतहको छात्रवृत्ति वितरण समितिमा स्थानीय तहको वडा समितिले तोकेको वडा समितिको सदस्य-सदस्य रहने व्यवस्था भएको हुँदा आवश्यक समन्वयको लागि अनुरोध छ ।

गंगाराम आचार्य
उपसचिव (शिक्षा)
अधिकृत दशौं तह

**तपशिल**

१. तिलोत्तमा नगरपालिका अन्तरगत सञ्चालित संस्थागत विद्यालयहरुमा छात्रवत्ति व्यवस्थापन गर्ने प्रयोजनका लागि संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि,२०७४ को व्यवस्था कार्यान्वयन गर्न शैक्षिक सत्र २०७६ मा कक्षा ११ मा भर्ना भई अध्यापन गर्ने विद्यार्थीहरुलाई सम्बन्धित संस्थागत विद्यालयहरुले सार्वजनिक सूचना प्रकाशन गरी विद्यार्थीको आवेदन संकलन गर्ने, प्राप्त आवेदनको आधारमा परीक्षा सञ्चालन गर्ने र नतिजा प्रकाशन गरी २०७६ श्रावण २० गते सम्म सोको विवरण नगरपालिकामा पेश गर्ने तथा छात्रवृत्ति व्यवस्थापन गर्दा तिलोत्तमा नगरवासीलाई प्राथमिकता दिने,

२. कक्षा १० सम्मका विद्यार्थीहरुलाई वितरण गरेको छात्रवृत्तिको विवरण २०७६ श्रावण २० सम्म नगरपालिकामा विवरण पेश गर्ने ।

☎: ०७१-५ ६०२३०
फ्याक्स ०७१-५६२६५२

# तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

प.सं. ०७५/०७६ ( शिक्षा )
च.नं. ५०६०

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम रुपन्देही
५ नं. प्रदेश नेपाल

मिति : २०७६/०३/२३

**कक्षा ११ को छात्रवृत्ति व्यवस्थापन सम्बन्धी अत्यन्त जरुरी सूचना !**

प्रस्तुत विषयमा **संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०७४** मा भएको व्यवस्था अनुसार सबै संस्थागत विद्यालयहरुले कक्षा ११ मा भर्ना हुने कुल विद्यार्थी संख्याको दश प्रतिशत निःशुल्क छात्रवृत्ति उपलब्ध गराउन विद्यालयले सार्वजनिक सूचना प्रकाशन गरी निर्धारित ढाँचामा दरखास्त संकलन गर्ने, परीषा सञ्चालन गर्ने र नतिजा प्रकाशन गरी छात्रवृत्ति पाउने विद्यार्थीको विरण २०७६ श्रावण २० गते सम्म नगरपालिकामा विवरण पेश गर्नुहुन अनुरोध छ। साथै निःशुल्क छात्रवृत्ति कोटामा अध्ययन गर्न चाहने विद्यार्थीहरुले आफूले अध्ययन गर्न चाहेको विद्यालयमा आवेदन दिनुहुन समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ।

गंगाराम आचार्य
उपसचिव (शिक्षा)
अधिकृत दशौं तह

☎: ०७१-५ ६०२३०
फ्याक्स ०७१-५६२६५२

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

प.सं. ०७५/०७६ ( शिक्षा )
च.नं. ५०६६

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही ५ नं. प्रदेश, नेपाल

मिति : २०७६/०३/२३

**दिवा सत्रमा कक्षा ११ सञ्चालन गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको मिति २०७५।०८।०५को निर्णयानुसार शैक्षिक सत्र २०७६ देखि दिवा सत्रमा कक्षा-११ सञ्चालन गर्ने गरी तयारी गर्न पत्राचार गरिएकोमा शैक्षिक सत्र २०७५ को माध्यमिक शिक्षा परीक्षाको नतिजा प्रकाशन भई कक्षा-११ सञ्चालनको तयारी भइरहेको सन्दर्भमा तिलोत्तमा नगरपालिका भित्र सञ्चालन हुने सम्पूर्ण सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुले दिवा सत्रमा कक्षा -११ सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

२०७६।०३।२४

गंगाराम आचार्य
उपसचिव (शिक्षा)
अधिकृत दशौं तह